# श्री ऐरावती सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी ३ प्युठान ।

### काठ / दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८२।०४।२०**

यस सामुदायिक वन उपभोक्ता समूहले आ .व. २०८१।०८२ मा डिभिजन वन कार्यालय प्यूठानबाट संकलन सहमति लिई नियमानुसार संकलन गरी एकराते भन्ने स्थानमा घाटगढ्ढी गरी राखेको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिकी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका स.मील, उधमी / काष्ठको कारोबार गर्ने डिभिजन वन कार्यालयमा सूचिकृत फर्महरुले यो सूचना तिलोतमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**१. लिलाम सम्बन्धि वन पैदावारको विवरण**

| लट नं. | प्रजाती | ग्रेड | गोलिया.थान | ईकाई | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | साल | बी | ५७ | क्यू.फि. | ३५४.४९ | ३१९०४१/- | संकलन खर्च काठको प्रति क्यू.फि.रु १८०।- र दाउराको प्रति चट्टा रु. ९,०००।- थप लाग्ने छ । |
| | साल | सी | २०३ | क्यू.फि. | ६४६.४८ | ३८७८८८/- | |
| | साल | डी | ३० | क्यू.फि. | ५५.५६ | १६६६८/- | |
| | अस्ना | ए | २ | क्यू.फि. | २६.२८ | १०५१२/- | |
| | अस्ना | बी | ५ | क्यू.फि. | ३९.२० | ११७६०/- | |
| | अस्ना | सी | ११ | क्यू.फि. | ५३.८९ | ५३८९/- | |
| | जामुन | सी | २ | क्यू.फि. | ६.३१ | ६३१/- | |
| | भद्रेजामुन | -. | १० | क्यू.फि. | ३२.०२ | ३२०२/- | |
| | माछिमौवा | -. | ६ | क्यू.फि. | २५.३७ | २५३७/- | |
| | पियार | -. | ३ | क्यू.फि. | १२.५६ | १२५६/- | |
| | साल दाउरा | | | चट्टा | ८.०० | ९६,०००/- | |
| | मिश्रित दाउरा | | | चट्टा | १.५० | ६,०००/- | |

२. बोलपत्र खरीद कार्य डिभिजन वन कार्यालय प्यूठान र यस समूहको कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (२०८२।०५।०९सम्म) प्रति बोलपत्र फारम रु. १,०००।- यस समूहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१८८८००००१ मा दाखिला गरेको बैंक भौचर वा यस समूहमा रकम तिरेको नगदी रसिद, निवेदन / पत्र तथा उधम सम्बन्धि आवश्यक कागजात संलग्न गरी कार्यालय समय भित्र खरीद गर्न सकिनेछ र सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ ।

३. गोप्य शिलबन्दी बोलपत्र दाखिला कार्य मिति २०८२।०५।१० गते कार्यालय समय सम्म तथा तोकिएको म्यादभित्र जुनसुकै दिन यस समूहको कार्यालयमा गर्न सकिनेछ र बोलपत्र दाखिलाको दिन बिदा परेमा कार्यालय खुलेको दिनमा तोकिएको समयभित्र दाखिला गर्न सकिनेछ ।

४. सकारकर्ताले सकार रकममा संकलन खर्च सूचना तथा बोलपत्रमा उल्लेख भए बमोजिम थप बुझाउनु पर्नेछ ।

५. बोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोवारको पान भैट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नायाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा बोलपत्रमा सकार मूल्यको १०% ले हुने रकम यस समूहको नेपाल बैंक लिमिटेड खलगा शाखा प्यूठानमा रहेको माथि उल्लेखित खातामा दाखिला गरेको सक्कलै भौचर संकलन गर्नु पर्ने छ । अन्यथा बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

६. लिलाम बढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगढ्ढी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्ने छ ।

७. रित पूर्वक पर्न आएको बोलपत्रहरु २०८२।०५।१२ गते दिनको १:०० बजे उपभोक्ता समूहको कार्यालयमा सब डिभिजन वन कार्यालय तथा स्थानिय तह, सरकारी कार्यालयको रोहवरमा खोलिने छ ।

८. खोलिएका बोलपत्रहरु नियमअनुसार मूल्यांकन गरी लिलाम स्वीकृत भई डिभिजन वन कार्यालय प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कर तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिलाई हुनेछ ।

११. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।